# २०८० साल चैत्र २४ गते शनिवार सामुदायीक भवन याङवरक गाउँपालिका वडा नं. ४, मा गाउँपालिका उपाध्यक्ष श्री बाबा मेयाङवोले प्रस्तुत गर्नुभएको

याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर
कोशी प्रदेश, नेपाल
२०७३

## आर्थिक वर्ष २०८०।०८१ को श्रावण ०१ गते देखि पौष मसान्त सम्मको प्रगति प्रतिवेदन

याङवरक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर

प्रमाणित

रुकाई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

## खण्ड १ – परिचय र समीक्षा

### १.१ पृष्ठभूमी

**यस कार्यक्रमका सभाध्यक्ष महोदय, प्रमुख अतिथि, विशेष अतिथि, सम्पुर्ण अतिथिहरु एवं उपस्थित सम्पुर्ण दाजुभाइ दिदी बहिनिहरु**

याङवरक गाउँपालिकाको आ.ब. २०८०।०८१ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना भईरहँदा यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले चालु आ.ब. २०८०।०८१ को अर्धवार्षिक प्रगति प्रतिवेदन पेश गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेको छु । गाउँपालिकाले हाल सम्म गरेको कृयाकलापहरु आम याङवरकका नागरिकको घरदैलोमा गई सार्वजनिक गर्नु, नागरिकलाई गाउँपालिकाले संचालन गरेको विकास निर्माण लगायत सेवा प्रवाह उपर कुनै प्रश्न, दुविधा, सुझाब भए सो संकलन गर्नु र आम याङवरकका नागरिक र स्थानीय सरकार बिचको दूरी कम गर्दै गाउँपालिकालाई सुशासन र पारदर्शी शासनको प्रत्याभुति दिनु नै आजको कार्यक्रमको मुलभूत उद्देश्य रहेको छ । यस पावन अवसरमा आम याङवरकका नागरिकले हाल सम्मको दिनमा याङवरक गाउँपालिकालाई समृद्ध, सम्मुनत तथा पारदर्शी बनाउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पुर्याउनु भएको योगदान प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अव म हजुरहरु समक्ष चालु आर्थिक वर्षमा स्वीकृत बजेट तथा कार्यक्रमको प्रगति प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

**१. आर्थिक क्षेत्र**

**कृषि:-**

१. ५० प्रतिशत अनुदानमा ५०० भन्दा बढि कृषकहरुलाई बिभिन्न जातको तरकारीको बिउ-बिजन वितरण गरिएको र वडा कार्यलय मार्फत वितरण जारी रहेकोछ ।

२. बाली संरक्षण कार्यक्रम अन्तर्गत समस्याग्रस्त बालीको लागि गाउँपालिका बाट प्रवाधिक सल्लाह सहित बिषादि वितरण जारी रहेकोछ ।

स्वराई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

३. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत वडा नं. २, श्री वेतेनी चुम्लुङ कृषक समूह र वडा नं. ५, पाथिभरा कृषक समूहलमा आलुबाली बालीमा पकेट विकास कार्यक्रम (निरन्तरता तर्फ) संचालन रहेकोछ।

४. वडा नं १ देखि ६ सम्म मलखाद व्यवस्थापन सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन सम्पन्न गरी १९५ जना कृषकहरुलाई विरुवालाई आवश्यक पर्ने खाद्यतत्वहरु, रासयनिक तथा प्राङ्गारिक मलको महत्व तथा प्रयोग विधि,सुधारिएको कम्पोष्ट मल बनाउन बिधि र जैविक झोल मल बनाउने तरिका बारे तालिम सम्पन्न भएकोछ।

५. साना सिचाई आयोजना लक्षित कार्यक्रम (७५% अनुदान) सूचना आह्वान गरिएकोछ।

६. सिताके च्याउ प्रबर्धन कार्यक्रम लाभग्राहि छनोट गरी कार्यक्रम संचालनमा रहेकोछ।

७. खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान अन्तर्गत मकै बिउ वितरण सम्पन्न र धानको बिउ माग प्रकाशन गरिएकोछ।

८. कृषि विकास कार्यलाई समूह पद्दतिबाट संचालन गर्ने उदेश्यका साथ ५ वटा नयाँ कृषक समूह दर्ता गरिएको साथै ४ वटा कृषक समूहको प्रमाण पत्र नविकरण गरिएकोछ।

९. कार्यगत तालिममा खटिएका (४ जना) प्रशिक्षार्थीहरुलाई क्षमता अभिबृद्धि तथा परिचालन गरिएकोछ।

१०. नेपाल सरकार संघीय कृषि मन्त्रालय ,खाद्य तथा कृषि संगठन नेपाल र याङवरक गाउँपालिका को संयुक्त आयोजनामा **"एक देश एक प्राथमिकता प्राप्त उत्पादन"** अन्तर्गत नेपालमा अलैचीको मूल्य श्रृंखला प्रवर्दन आयोजना बाट याङवरक गाउँपालिका वाड नं. ३ ओयामका २७ जना अलैची कृषकहरुलाई अलैंची असल कृषि अभ्यास पाठशाला संचालनमा रहेकोछ।

११. प्रदेश सरकारको **"समस्या ग्रस्त क्षेत्रमा अभियानमूलक बाली संरक्षण कार्यक्रम"** अन्तर्गत वडा नं ६ का २५ जना सुन्तला खेतिमा आवद्द कृषकहरुलाई



रुकाई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

सुन्तलाजात बालि व्यवस्थापन सम्बन्धि स्थलगत तालिम तथा आवश्यक पर्ने सामाग्रीहरु निशुल्क वितरण गरिएकोछ ।

**पशूः-**

- परम्परागत रुपमा रहेको पशुपालन प्रणालीलाई व्यवसायिक प्रणालीमा रुपान्तरण गरी आत्मनिर्भर बनाई पशु तथा पशुजन्य उत्पादन निर्यातमुखी बनाउने प्रमुख चुनौती रहेको वर्तमान अवस्थामा १४ औं त्रिबर्षीय योजनाको आधारमा याङवरक गाउँपालिकाले पशु क्षेत्रमा सम्पूर्ण याङवरकका कृषकहरुलाई आत्मनिर्भर वनाउन हर संभव प्रयास गरिरहेको छ । उपरोक्त प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा यस शाखाले खेलेको भूमिका स्वागत योग्य छ ।
- आन्तरिक तथा वाह्य परजिवी नियन्त्रण कार्यक्रमका लागि वडाबाट प्रवाह हुने सेवाहरु तथा औषधी वितरणको अनुगमन गरिएको छ र ८ हजार ६ सय ७५ वटा पशुपंक्षीमा नाम्ले माटे जुका जुम्रा किर्ना उपियाँ उडुस लुतोको औषधी वितरण गरिएको छ ।
- स्वास्थ्य शाखा र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, फिदिम, पाँचथरको समन्वयमा थर्पु बजार क्षेत्रमा ३५ वटा र ६ नं. वडामा २० वटा गरी कुल ५५ वटा कुकुरमा निशुल्क रुपमा रेविज रोगको भ्याक्सिनेशन गरिएको साथै २४२५ वटा पशुमा लम्पी स्किन रोग विरुद्ध भ्याक्सिनेशन कार्य गरिएको जसमा २१५० डोज गाउँपालिकाको आकस्मिक कोषवाट र २७५ वटा भेटेरीनरी पशु सेवा विज्ञ केन्द्र, पाँचथरबाट प्राप्त भएको छ ।
- वडा नं. १ र २ मा रेड पाण्डा प्रोजेक्टको सहयोगमा ४० वटा कुकुर र १० बिरालोमा निशुल्क रुपमा रेविज रोगको भ्याक्सिनेशन गरिएको छ ।
- प्रजनन समस्या समाधानका लागि ४० वटा पशुमा डिस्टोकिया (वच्चा अड्किने) उपचार र १५ वटा पशुमा साथी नझर्ने समस्याको स्थलगत उपचार सेवा सम्पन्न भएको छ ।

३

स्काई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

- २५० वटा पशुमा स्थलगत रुपमा पुगी समस्यागत रुपमा उपचार सेवा प्रदान गरिएको छ।
- यस अवधिमा गाउँपालिकामा २ वटा कृषि तथा पशुपंक्षी फर्म १ वटा डेरी उद्योग दर्ता भएको छ।
- सवै वडावाट कृतिम गर्भाधान सेवा सञ्चालन हुदै आएको छ र यस अवधिमा गाई २२९ र भैसी ४२ गरी कुल २७१ वटा कृत्रिम गर्भाधान सेवा पुर्याइएको छ।
- पशुसेवा व्यवसाय प्रवर्द्धन तर्फ :- मिति २०८०/०८/०५ मा १५ दिनको समय दिएर सुचना प्रकाशन गरि कार्यक्रम संचालनको लागि कार्य अगाडी बढाएको छ।

**पर्यटन**

- यस याङ्वरक गाउँपालिकाको पहिचार **निशान कालीकाधाम तथा याङ्वरक पोखरी पर्यटन पूर्वाधार योजनाको** मिति २०७८/०५/२४ मा रु ६ करोड ४४ लाख २५ हजार ९२ रुपैया ४८ पौसामा सम्झौता भई हाल निर्माण कार्य सम्पन्न भएको छ।

**सहकारी**

- सहकारी संस्थाहरुलाई ५ दिने लेखा व्यवस्थापन सम्बन्धि मिति २०८०/०९/०२ गते देखि २०८०/०९/०६ गते सम्म तालिम संचालन गरिएको जसमा सहकारी संस्थाका लेखा व्वस्थापक १६ जना कर्मचारीहरुलाई तालिम प्रदान गरि सम्पन्न भएको छ।

**उद्यमशिल विकास कार्यक्रम**

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सामाजिक परिचालन शिर्षक अन्तर्गत वडा नं. २ फलैचामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको।
- घरधुरी सर्भेक्षण गरी वडा नं. २ फलैचामा १५ जना सम्भावित लघु उद्यमि छनौट भएको।

रुकाई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

- सहभागितात्मक ग्रामिण लेखाजोखा पिआरए तथा स्रोत सम्भाव्ता अध्ययन कार्यक्रम वडा नं. २ मा सम्पन्न भएको ।

**२. सामाजिक क्षेत्र**

**शिक्षाः-**

१. यस याङवरक गाउपालिकामा सञ्चालित ३७ सामुदायिक विद्यालय ६ संस्थागत विद्यालय ३५ वाल विकास केन्द्र र २ सामुदायिक सिकाई केन्द्रले शिक्षाको विकासमा महत्वपूर्ण योगदान गर्दै आएका छन । चालु आ.व. को अर्धवार्षिक (पहिलो र दोस्रो त्रैमासिक) अवधिमा शिक्षा क्षेत्रमा भएको प्रगतिलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी, वा.वि.के. शिक्षकहरुको पहिलो र दोस्रो त्रैमासिक तलब निकासा गरिएको छ ।
- शैक्षिक सत्र २०८० मा याङवरक गाउँपालिकाबाट निर्माण गरिएको स्थानीय पाठ्यक्रमलाई पूर्ण रुपमा लागू गर्न र पाठ्यक्रमभित्र रहेका दुविधाहरुलाई हटाउन पाठ्यक्रम प्रवोधिकरण तालिम सञ्चालन गरिएको छ ।
- याङवरक गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको प्रथम त्रैमासिक तथा अर्धवार्षिक परीक्षा लगायत विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षको समय समयमा अनुगमन तथा मूल्याङ्कन गरिएकोछ ।
- यस गा.पा. को आ.व. २०८०/८१ सामाजिक विकास शिक्षा तर्फको विभिन्न वडाहरुले विद्यालयहरुलाई बिभिन्न शिर्षकमा विनियोजित गरिएको रकमको गाउँपालिका र विद्यालयहरु संग संझौता प्रक्रिया अगाडी बढाइएकोछ ।
- सामुदायिक विद्यालयका ECD देखी कक्षा ५ सम्मका वालवालिकालाई प्रदान गरिने दिवा खाजा वापतको रकम प्रथम त्रैमासिक रकम निकासा गरिएकोछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि सेनिटरी प्याड खरिद कार्यक्रम खरिद प्रकृयामा रहेकोछ ।



एकाई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

**स्वास्थय:-**

- जटिलतायुक्त  गर्भवती प्रेषण गरेवापत एम्बुलेन्स खर्च ५ जनालाई भुक्तानी दिएकोछ।
- मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराईरहेका, मेरुदण्ड पक्षघाका र क्यान्सर रोगका विरामीलाई उपचार खर्च वापत थप रु २०००/-  गरि मासिक ७०००/- का दरले २७ जना लाभग्राहीलाई रकम भुक्तानी गरिएकोछ।
- पुर्ण खोप सुनिश्चितता र दिगोपनको लागि घरधुरी सर्वेक्षण गरी पुर्णखोप सुनिश्चित वडा/ पालिका  घोषणको लगि  स्वास्थ्यकर्मीबाट घरधुरि सर्वक्षणको काम सकिएकोछ।
- याङवरक आखा उपचार केन्द्रको स्थापना गरी निशुल्क आँखा शिविर संचालन तथा दैनिक सेवा प्रदान गरिएकोछ। उक्त शिविरमा ३२ जना मोतिया विन्दुको अप्रेसन सहित ३९९ जना लक्षित वर्ग लाभग्राही लाभन्वित भएका छन।
- १२३ जना बच्चलाई पुर्ण खोप प्रदान गरिएकोछ।
- ७७ जना सुत्केरीलाई  प्रोटोकल अनुसार ३ पटक PNC Home Visit गरिएकोछ।
- दिर्गरोगी सिफारिस,  ८ जना (विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका २०७५ बमोजिम रु.एक लाख सम्म (नेपाल सरकार ले  सिफारिस गरेको ८ प्रकारको घताक रोगको) निशुल्क उपचार सहुलियतको लागि सिफारिस गरिएको छ।
- ६६ जना गर्भवति महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराएकोछ।

**खानेपानी:-**

स्काई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

- ओयाम बृहत खानेपानी आयोजनाको मिति २०८३/०३/१५ का सम्पन्न हुने गरी २ करोड ९८ लाख ७४ हजार ७ सय ७४ रुपैयाको ठेक्का सम्झौता भई निर्माण कार्यको सुरुवाद भएको छ।

**खेलकुदः-**

- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङशील्ड प्रतियोगिता मिति २०८० मंसिर १५, १६ र १७ गते गणेश मा.वि. को प्राङ्गणमा सम्पन्न गरिएकोछ।
- आ.व. २०८०/०८१ अन्तर्गत उपाध्यक्ष कप भलिवल प्रतियोगिता (पुरुष) पाँचथर जिल्लाका ८ वटा स्थानीय तहहरुलाई सहभागी गराई मिति २०८० पुष २३ देखि २५ गतेसम्म सफलता पूर्वक सम्पन्न गरिएकोछ।
- मल्टी प्रपोज कवर्डहल निर्माण योजना ३ करोड ८४ लाख ६४ हजार ९ सय ७५ रुपैयामा सम्झौता भई हाल सम्म भौतिक प्रगति ९० प्रतिशत र ५८.४८ प्रतिशत वित्तिय प्रगती भएकोछ।

**लैंगिक समानता तथा सामाजिक समावेशिकरणः-**

**महिला बालबालिका :**

- लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम सम्पन्न भएकोछ।
- सुनौलो हजार दिने महिलाहरुको पोषण सुधारका लागि अनुदान कार्यक्रम अन्तर्गत १ नं. वडाका २५ सुनौलो हजार दिने महिलाहरुको समुह गठन गरिएकोछ।

**अपाङ्गता :**

- २ पटक अपाङगता समन्वय समिति बैठक बसेको छ।
- १२ जना अपाङगता भएका व्यक्तिहरुलाई गम्भिरताको आधारमा परिचय पत्र वितरण गरिएको छ।



स्काई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

- २ जना अपाङ्गता भएका व्यक्तिहरुलाई नि-शूल्क स्वास्थ्य उपचारको लागि रेफर गरिएकोछ ।
- अपाङगता भएका व्यक्तिहरुको पहिचान तथ्याङक संकलन र अध्यावधिक साथै अनुगमन – सम्पन्न गरिएकोछ ।
- अन्तर्राष्ट्रिय अपाङग दिवस मनाइएकोछ ।
- १३ जना अपाङ्गता भएका व्यक्तिहरुको व्यक्तिहरुसँगको गृहभेट गरिएको छ ।
- ४ जना पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई नि:शुल्क स्वास्थ्य विमा गराइएको छ ।

## ३. पूर्वाधार क्षेत्र

- यस याङवरक गाउँपालिकाको गौरवको आयोजनाको रुपमा सञ्चालित १५ शैया आधारभूत अस्पताल निर्माण योजना १४ करोड ७५ लाख २२ हजार ६ सय ४४ रुपैयामा २०७८/०४/२१ मा सम्झौता भई निर्माण भइरहेकोमा हाल सम्म ६५ प्रतिशत भौतिक प्रगति र ५७.२६ प्रतिशत वित्तिय प्रगती भएको छ ।
- थर्पु मा.वि. को एकाडेमिक भवन निर्माण योजना ४ करोड ४३ लाख ४० हजार ५५ रुपैयामा मिति २०७९/०३/०९ मा सम्झौता भई निर्माण भइरहेकोमा हाल सम्म ६५ प्रतिशत भौतिक प्रगति र ५६.०७ प्रतिशत वित्तिय प्रगती भएको छ ।
- साना सिंचाई कार्यक्रम अन्तरग ६ वटा नयाँ सिंचाई योजनाहरुको सम्झौता भई निर्माण कार्य भईरहेको छ ।
- यो चालु आ.व. को तेस्रो त्रैमासिकमा टोल विकास संस्था मार्फत सञ्चालन हुने ५२ वटा योजनाहरुको फिल्ड नापजाँच गरी प्राविधिक इस्टमेट तयार गरिएको छ ।

### ३.१. योजना अनुगमन शाखा :

- आ: ब: २०८०/०८१ मा संचालनका लागी स्विकृत योजना जम्मा ५२ ओटा मध्ये ( **श्रावण १ देखि पौष मसान्त** ) अर्ध बार्षिक अवधीमा जम्मा ९ ओटा योजना सम्झौता भएको।
- आ:ब: २०८०/०८१ मा स्वीकृत योजनाहरुको सर्वे, स्टिमेट,ड्रोइङ डिजाइन भइरहेको ।
- टोल विकास संस्था पुन: गठन (अधिवेशन) को कार्य अन्तिम चरणमा रहेको।
- टोल विकास संस्था मार्फत योजना तथा कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने कागजातको बिषयमा अभिमुखीकरण गोष्टीको लागी अन्तिम तयारी भईसकेको।
- संचालनमा रहेका योजनाहरूको नियमित अनुगमन भइरहेको।
- योजना संम्झौता कार्य लाई बिशेष प्राथमिकता दिइएको।

## ४. वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

- गाउँपालिका क्षेत्रमा कुनै विपद, प्राकृतिक प्रकोप, महामारी आइपरेमा त्यसलाइ तत्काल संवोधन गर्नको लागि गाउँपालिकास्तरीय आकस्मिक कोषको स्थापना गरी संचालन गरिनुले नागरिकको आपत्कालिन अवस्था प्रति स्थानीय सरकार संवेदनशिल रहेको भावना सिर्जना गरेको छ।
- मनसुनजन्य विपद्को प्रतिवेदन तयार गरिएको।
- आगलागीजन्य र मनुसुनजन्य विपद्को २६ घर परिवारको तथ्याङ्क संकलन गरी गाउँपालिकाबाट निर्णय भइ जिल्ला प्रशासन कार्यालयमा पठाइएको।
- जन प्रतिनिधि ज्यूहरुको परिचय पत्र तथा छुट भएका कर्मचारीहरुको बनाइ प्रिन्टमा पठाइएको।

## ५. संस्थागत विकास सेवा प्रवाह र सुशासन

- कर्मचारीहरुको हाजिरी, विदा तथा काजको अभिलेख चुस्त दुरुस्त राखिएको।

एकाई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

- कार्यरत कर्मचारी कार्यलयमा उपस्थित भए नभएको र तोकीएको जिम्मेवारी बहन गरे नगरेको चेक जाँच गरी यदी नभएको पाइएमा यथाशिघ्र स्पष्टिकरण माग गरिएको ।
- प्रदेश लोक सेवा आयोग विराटनगरबाट सिफारिस भई आउनु भएका ३ जना कर्मचारीहरु नियुक्ति तथा पदस्थापना गरिएको ।
- टिप्पणी रजिष्टर अध्यावधिक सुरुवात गरिएको ।
- च्याङथापु, थर्पु र गणेश चौक बजार क्षेत्रको सि.सि. क्यामेरा मर्मत गरी संचालन ।
- कर्मचारीहरुलाई समय समयमा तालिम, गोष्ठी तथा अन्तरक्रियात्मक कार्यक्रममा सहभागी गराइएको,
- याङवरक गा.पा. को कर्मचारी तहवृद्धि सम्बन्धी कार्यविधि ,२०८० तर्जुमा गरी प्र.लो.से.आ.लाई पठाई ५ जना कर्मचारी स्तरवृद्धि गरिएको
- गाउँ कार्यपालिकाको कार्यालय अन्तरगतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा ई हाजिरी मेशिन जडान गरिएको ।
- सबै वडा कार्यालयबाट हुने व्यक्तिगत घटना दर्ता अनलाईन विद्युतीय प्रणालीबाट मात्र दर्ता हुने गरेको छ ।
- यस चालु आ.व. को श्रावण १ गते देखि पौष मसान्त सम्ममा जन्म दर्ता १८२, मृत्यु दर्ता ७३, विवाह दर्ता ६३ सम्बन्ध वाच्छेद १० बसई सराई आएको ४ र गएको ५९ गरी जम्मा ३९१ व्यक्तिगत घटनाहरु दर्ता भएको छ ।
- सबै किसिमका सामाजिक सुरक्ष भत्ताहरु हिमालयन बैंक याङवरक शाखा माफत प्रतेक त्रैमासिकरुपमा सम्बन्धित वडामा भत्ता वितरण शिभिर सञ्चालन गरी वितरण गर्ने गरीएको ।
- सामाजिक सुरक्षा भत्ता EFT मार्फत सबै लाभग्राहीहरुको खाता एकै पटक जम्मा हुने व्यवस्था मिलाइएको छ ।

स्काई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

- सामाजिक सुरक्षा भत्ता तर्फको पहिलो त्रैमासिक भत्ता १६ सय १०जनालाई रु १ करोड ६४ लाख ९८ हजार ५ सय ६६ रुपैया वितरण भएको छ भने दोस्रो त्रैमासिक १६ सय ३७ जनाको रु १ करोड ६७ लाख ४६ हजार ७ सय ५० रुपैया वितरण गरिएको छ।

## ६. प्रधानमन्त्री रोजगार कार्यक्रम

- आ.व.२०८०-८१ मा यस रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार ब्यक्तिहरुको संख्या १३६० जना रहेको।
- रोजगार आयोजनाहरु १४ वटा कार्यान्वयनको चरणमा रहेकोछ ।
- आ.व. २०७९-८० को वार्षिक (आर्थिक र भौतिक) प्रगति प्रतिबेदन EMIS मार्फत मन्त्रालयमा पठाईएको।
- आ.व. २०७९-८० को अन्तिम लेखापरिक्षण कार्य सम्पन्न।
- आ.व. २०७९-८० को वार्षिक प्रगति समिक्षा गाउँपालिका स्तरिय र प्रदेश स्तरिय कार्यक्रम सम्पन्न।
- रोजगार आयोजनाको सर्भे तथा ईष्टिमेट कार्य भईरहेको।
- सुचिकृत बेरोजगार ब्यक्तिहरु मध्येबाट रोजगार संलग्न गराउने ब्यक्तिहरु छनौट गरिएको ।
- बैदेशिक रोजगारीमा जानेहरुको लागि आवश्यक सूचना प्रवाह गर्ने गरेको।
- वैदेशिक रोजगारीमा जानेहरुको लागि ब्यक्तिगत श्रम स्वीकृति र पुन: स्वीकृतिको लागि अनलाइन आवेदन दिने कार्यको लागि प्रचार प्रसार गरिरहेको ।
- बैदेशिक रोजगारीमा जाने ५ जना ब्यक्तिहरुको अनलाईन मार्फत श्रम स्वीकृती प्रदान गरिएको।
- रोजगार उ.भो.स.लाई आयोजना कार्यान्वयन सम्बन्धी अनुशिक्षण कार्यक्रम तय भएको ।



एकराई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

- मन्त्रालय, गाँउपालिका तथा विभिन्न संस्थाहरुले आयोजना गरि आमन्त्रण गरेका कार्यक्रम तथा तालिममा सहभागी जनाइरहेको।

- रोजगार सेवा केन्द्रको भौतिक र वित्तीय प्रगति विवरण मन्त्रालयमा मासिक र चौमासिक रुपमा प्रतिबेदन गरेको।

**७. अन्य**

- न्यायीक समितमा दर्ता भएका विवादको स्थायी निरुपणको लागि मेलमिलापकर्ताहरुको व्यवस्थापन गरीएको।

- न्यायीक समितिमा मिति २०८० श्रावण १ गते देखी पैष मसान्त सम्ममा १२ विवाद हरु दर्ता भई प्रकृयामा रहेको छ।

- सबै मेलमिलाप केन्द्रहरुमा मेलमिलाप केन्द्रको बोड, मेलमिलाप कर्ताहरुको फोटो सहितको नामावली राखिएको छ।

- यस गाउँपालिकाको फोहरमैला व्यवस्थापनको लागी व्यवस्थित डम्पिङसाईट निर्माणको लागि जग्गा प्राप्तीको प्रकृया अगिवढाइएको छ। जसको लागी समिति गठन गरी जग्गा छनोटको कार्य भईरहेको छ।

- यस याङवरक गाउँपालिकाको आ.व. २०७९/०८० को कुल ६५ करोड ४ लाख २३ हजार ५ सय १३ रुपैया ९५ पैसाको अन्तिम लेखापरिक्षण भएकोमा प्रारम्भिक प्रतिवेदनमा रु ८२ लाख १२ हजार ६ सय ९३ बेरुजु औल्याइएकोमा सबै बेरुजुहरुको समय सिमा भित्र नै प्रतिक्रिर्याको लागी महालेखा परिक्षकको कार्यालयमा पठाइएको छ। साबै प्रारम्भिक प्रतिवेदनमा लेखिएका बेरुजुहरु प्रतिकृयाबाट संमपरिक्षण हुने र शुन्य बेरुजु हुने सम्भावना प्रभल रहेको छ।

**उपस्थित सम्पुर्ण आमाबुवा, दाजु भाइ तथा दिदी बहिनीहरु,**

अब म चालु आ.ब. २०८०/०८१ को श्रवण ०१ देखी पैष मसान्त सम्मको बित्तीय प्रगति प्रतिवेदन पेश गर्न चाहन्छु।



प्रमुख प्रशासकीय अधिकृत

- यस चालु आ.व. मा आन्तरीक राजस्व रु ४३ लाख ५० हजार अनुमान गरीएकोमा २०८० पौष मसान्त सम्म रु ३५ लाख ७० हजार ९ सय १२ रुपैया राजस्व संकलन भईसकेको छ।
- यो अर्धवार्षिक लक्ष रु २१ लाख ७५ हजार लिइएकोमा लक्ष भन्दा ६४.१७ प्रतिशतले बृद्धि भएको छ।
- संघीय सरकारबाट समानिकरण अनुदान रु ८ करोड ७२ लाख बजेट सिलिङ प्राप्त भएको रु ४ करोड ३६ लाख प्राप्त भएको सशर्त अनुदान २४ करोड ५६ लाख ९ हजार मा ११ करोड ११ लाख ७८ हजार ९ सय ७३ निकाशा प्राप्त भएको छ। विषेश अनुदान १ करोड १५ लाख मध्ये ६९ लाख निकासा प्राप्त भएको छ। समपुरक अनुदान ८० करोड मध्ये ४८ लाख निकासा प्राप्त भएको छ।
- प्रदेश सरकारबाट समानिकरण अनुदान ५१ लाख ७६ हजार मध्ये २५ लाख ८८ हजार निकासा प्राप्त भएको छ। सर्शत अनुदान ८२ लाख ८६ हजार मध्ये ४१ लाख ४३ हजार निकासा प्राप्त भएको छ। समपुरक अनुदान ९७ लाख ५० हजार मध्ये ४८ लाख ७५ हजार निकासा प्राप्त भएको छ।
- संघीय सरका राजस्वबाँडफाँड तर्फ ८ करोड ५४ लाख ३६ हजार ५ सय मध्ये २ करोड १ लाख ११ हजार ५ सय १२ रुपैया प्राप्त भएको छ।
- प्रदेश सरकार राजस्व बाँडफाँडबाट ४१ लाख ७१ हजार मध्ये ५ लाख ६६ हजार ८ सय ७६ रुपैया प्राप्त भएको छ।
- कुल विनियोजन रु ५२ करोड ७० लाख २५ हजार ८ सय ५९ रुपैया मध्ये १७ करोड ६१ लाख २ हजार ३ सय १९ रुपैया खर्च भएको छ। जुन कुल बजेटको ३३.४१ प्रतिशत खर्च भएको छ।

- यस चालु आ.व.मा गाउँपालिकाबाट आकस्मिक कोषको स्थापना गरी विभिन्न किसिमका आर्थिक सहयोगहरु भएका जसअनुसार यस अर्धबार्षिक अवधिमा यस पालिकाबाट ८ जनालाई ९१ हजार आर्थिक सहायता प्रदान गरीएको छ।



रमाई पोखेल
प्रमुख प्रशासकीय अधिकृत

अन्त्यमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथी, बिषेश अतिथी, अतिथी तथा सम्पूर्ण याङवरक वासी आमा बुवा, दाजुभाई दिदी बहिनीहरुबाट थप सल्लाह सुझापको अपेक्षा सहित विदा हुन चाहान्छु ।

**नमस्कार सेवारो ।**

स्काई पोखेल
प्रमुख प्रशासकीय अधिकृत